कुलेखानीको माछापालन प्रभावित । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com  खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-५० ● २०८१ असार १० गते सोमबार, ● 24 Jun, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## देउरालीबासीले आफ्नै लगानीमा सडक खने

◆ विकास संवाददाता

कैलाश गाउँपालिका-४ देउरालीका स्थानीयले आफ्नै लगानीमा अढाई किलोमिटर नयाँ ट्रयाक खनेर गाउँमा मोटरबाटो पुऱ्याएका छन् । अढाइ किलोमिटर पुरानो ट्रयाकलाई स्तरीकरण गर्ने र अढाई किलोमिटर नयाँ ट्रयाक खन्ने काम स्थानीयकै सक्रियतामा भएको हो ।

राक्सिराङ गाउँपालिकाको लावती-गर्खाल-चम्पाखानी ग्रामीण सडक स्तरोन्नति तथा नयाँ ट्रयाक खन्ने कार्यको लागि ४४ जना सहयोगी ब्यक्तिबाट २ लाख ७५ हजार रूपैयाँ चन्दा उठाइएको थियो । स्थानीय देउराली सामुदायिक संस्थाबाट ५ लाख ७३ हजार रूपैयाँ आर्थिक सहयोग भएको थियो। स्थानीयले जनश्रमदान अन्तर्गत २ लाख ६१ हजार ६ सय रूपैयाँ बराबरको श्रमदान गरेका थिए। राक्सिराङ गाउँपालिकाले १३ घण्टा मेसिन निःशुल्क उपलब्ध गराएको, कैलाश गाउँपालिकाले ५ सय लिटर डिजल सहयोग गरेका र लालीगुराँस सिमेन्ट उद्योगको लिक्चे खानीबाट १४ घन्टा ब्रेकर मेसिन उपलब्ध गराई सहयोग गरेका थिए। कुल ११ लाख ९ हजार ६ सय रूपैयाँको लागतमा ५ किलोमिटर बाटो खन्ने तथा स्तरोन्नति गरी स्थानीयले आफ्नै लगानीमा गाउँमा मोटर पुऱ्याएका हुन् ।

समितिका अध्यक्ष केशव मुक्तानको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा कैलाश गाउँपालिका पूर्वअध्यक्ष टंकबहादुर मुक्तानले जनताको आवश्यकता के हो ? भन्ने कुरा नेतृत्वले बुझ्नुपर्ने बताए ।

# थाहाको बजेट ९१ करोड ९१ लाख ४३ हजार

विकास संवाददाता
थाहानगर

थाहा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि चालु आर्थिक वर्षको तुलनमा ८ करोड रूपैयाँ कम बजेट प्रस्तुत गरेको छ । संघीय सरकार र प्रदेश सरकारले विभिन्न शीर्षकमा दिने अनुदानमा कमी आएकाले आव २०८१/८२ को बजेटको आकार खुम्चिएको बताइएको छ ।

थाहा नगरपालिकामा ७ असारमा आयोजित १६ औं नगरसभामा उपप्रमुख भरत गोपालीले आव ०८१/०८२ का लागि ९१ करोड ९१ लाख ४३ हजार ५ सय रूपैयाँको बजेट प्रस्तुत गरेका हुन् । जसमध्ये चालु खर्चमा ६२ प्रतिशत र पुँजीगत ३८ प्रतिशत विनियोजन गरिएको छ। जसमा संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान १२ करोड २८ लाख, समपूरक अनुदान १ करोड, विशेष अनुदान १ करोड, सशर्त अनुदान ३० करोड ७१ लाख ६ हजार ५ सय, राजस्व बाडफाँड १० करोड ६५ लाख ३० हजार १ सय ८२, रोयल्टी १ करोड ८९ लाख ६९ हजार ८ सय गरी जम्मा ५७ करोड ५४ लाख ६ हजार ५ सय रूपैयाँ रहेको छ ।

त्यसैगरी प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान १ करोड २३ लाख ९० हजार, समपूरक अनुदान ३ करोड, विशेष अनुदान ६५ लाख, सशर्त अनुदान




७ करोड १८ लाख ६७ हजार र राजस्व बाँडफाँड ९ करोड ३५ लाख ५३ हनार गरी जम्मा २१ करोड ४३ लाख १० हजार रहेको छ । नगर पालिकाको आन्तरिक आयतर्फ राजस्व (कर तथा गैरकर) ५ करोड र मालपोत २ करोड रूपैयाँ गरी जम्मा ७ करोड रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ । चालु आव अर्थात् ०८०/८१ का लागि ९९ करोड ३७ लाख रूपैयाँ बजेट विनियोजन गरिएको थियो । थाहा नगरपालिकाको बजेटले कृषि, पूर्वाधार शिक्षा र पर्यटनको विकासलाई प्राथमिकतामा राखिएको छ। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगार र रोजगारीको वातावरण सिर्जना गर्ने जनाइएको छ ।

बजेटले पर्यटकीय क्षेत्रको पूर्वाधारलाई पनि प्राथमिकता दिएको छ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले थाहा नगरपालिकाले राष्ट्रसेवक कर्मचारीलाई पर्यटन काजका लागि र कम विनियोजित गरेको छ । वागमती प्रदेश सरकारले विगत वर्षदेखि नै आन्तरिक पर्यटन प्रवर्द्धन गर्न कर्मचारीलाई १० दिनको काज दिने व्यवस्था गरेको छ । तरकारी खेतीलाई प्रवर्द्धन गर्न बजेट विनियोजन गरिएको छ भने आलु खेतीका लागि उन्नत बीउको निम्ति बजेटमा अनुदानको व्यवस्था गरेको छ ।

◆ विकास संवाददा

## वडाको साँढे ४७ प्रतिशत सडकका मात्रै योजना

◆ विकास संवाददाता

आर्थिक वर्ष २०८१/०८२ का लागि थाहा नगरपालिकाले बजेट पास गरेको छ । ७ असारमा बसेको १६ औं नगर सभाको पहिलो बैठकबाटै नीति तथा कार्यक्रमसहित बजेट स्वीकृत गरेको हो। नगरसभा सम्पन्न भएसंगै पालिकाको १२ वटै वडाका १ सय ४५ वटा योजनालाई विनियोजन गरेको बजेट समेत स्वीकृत भएको छ ।

नगरसभाबाट पास भएका सबै वडाका १ सय ४५ वटा योजना मध्ये ४७.५८६ अर्थात ६९ वटा योजना सडकको मात्र रहेको पाइएको छ। योजना संख्याको आधारमा सबैभन्दा बढि ९ नम्बर वडाको सडक योजना स्वीकृत भएको छ। यस वडाको आर्थिक वर्ष २०८१/०८२ का लागि ९ वटा योजना स्वीकृत भएकोमा ८ वटा सडक र एउटा खानेपानी योजना रहेको छ । सबैभन्दा कम ११ नम्बर वडाको सडक योजना स्वीकृत भएको छ। यस वडामा १४ वटा योजना रहेकोमा एउटा मात्र योजना सडक रहेको छ। ११ नम्बर वडामा ५ वटा गोरेटोबाटो, ३ वटा भवन पूर्वाधार, २ वटा खानेपानी, १ वटा साना पूर्वाधार मर्मत र अन्य २ वटा योजना स्वीकृत भएको छ ।

वडा नम्बर १ को योजनागत प्रतिशतका आधारमा ३८.५ प्रतिशत सडक योजना स्वीकृत भएको छ । १ नम्बर वडाका लागि १३ वटा योजना स्वीकृत भएकोमा ५ वटा सडक, ४ वटा गोरेटोबाटो, १ वटा सामुदायिक भवन पूर्वाधार, संस्कृति सम्पदा, पर्यटन र साना पूर्वाधार मर्मतको १/१ वटा योजना स्वीकृत भएको छ । २ नम्बर वडाका लागि योजना संख्याको ७० प्रतिशत सडक योजना स्वीकृत छ। १० वटा योजना स्वीकृत भएको उक्त वडाको ७ वटा सडक पूर्वाधार मात्रै स्वीकृत छ । संस्कृति, पर्यटन र साना पूर्वाधार शीर्षकमा पर्ने योजना १/१ वटा स्वकिृत भएको छ। ३ नम्बर वडाको ४० प्रतिशत सडक योजना स्वीकृत भएको छ । कुल १५ योजना स्वीकृत भएकोमा वडाको सडकमा ६ वटा, पर्यटनतर्फ ३, अन्य २ तथा गोरेटोबाटो, सम्पदा, तटबन्धन र सिंचाइका १/१ वटा योजना रहेको छ ।

वडा नम्बर ४ ले योजनाको ५६ प्रतिशत सडकका योजना स्वीकृत गर एको छ। कुल १६ वटा योजना स्वकिृत भएकोमा ९ वटा सडकका योजना छन्। गोरेटो बाटो र अन्य योजनामा ३/३ वटा योजना स्वीकृत भएको छ भने साना पूर्वाधार मर्मततर्फ एउटा योजना स्वीकृत भएको छ । ५ नम्बर वडाको कुल योजनाको ५३ प्रतिशत अर्थात ८ वटा योजना सडकको मात्र स्वीकृत भएको छ । १५ वटा योजना स्वीकृत भएको उक्त वडाको ३ वडा भवन पूर्वाधारका योजना स्वीकृत भएको छ भने गोरेटोबाटो, सम्पदा संरक्षण, तटबन्धन र खेलकुद पूर्वाधारमा १/१ वटा योजना स्वीकृत भएका छन् ।

वडा नम्बर ६ को ९ योजना मध्ये २ वटा योजना मात्र सडक योजना स्वीकृत भएको छ। यस वडामा २ वटा योजना वस्ती विकासको योजना स्वीकृत भएको छ। अन्य वडाको तुलनामा यस वडाले यो २ वटा नयाँ योजना पास गरेको हो । गोरेटोबाटो, भवन पूर्वाधार, सम्पदा संरक्षण र अन्यमा १/१ वटा योजना सभाबाट पास भएको छ। ७ नम्बर वडाको ६९ प्रतिशत योजना सडकको पास भएको छ । कुल १३ वटा योजना पारित भएकोमा उक्त वडाको ९ वटा योजना सडकको मात्र छ। गोरेटोबाटो, भवन पूर्वाधार, पर्यटन र अन्य क्षेत्रका लागि १/१ वटा मात्र पास भएको छ। ८ नम्बर वडाको ६० प्रतिशत योजना सडकको छ। १० वटा योजना पास भएकोमा वडाले ६ वटा

बाँकी पेज ६ मा






# • सम्पादकीय •

## स्थानीय सरकारको योजना कार्यान्वयनको सवाल

कानुन अनुसार आज १० असारसम्म देशका ७५३ वटै स्थानीय तहहरुले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम पालिकाको सभामा पेश गरिसक्नूपर्छ । आगामि साउन १ गतेदेखि बजेट कार्यान्वयनमा ल्याउनु पर्दछ । सामान्यतः हामी जे भन्छौं सो गर्दैनौं । जे भन्दैनौं, सो गर्दछौं । यसरी, भनाइ र गराइबीचको ठूलो खाडल बन्दै गएको छ । यसर्थ, घरआँगनमै आएको सिंहदरबाररूपी स्थानीय सरकारप्रति पनि आम जनताको भरोसा अपेक्षित रूपमा बन्न सकिरहेको छैन । समयमा बजेट कार्यान्वयन योजना तर्जुमा गरी लागू गर्नु, आपसमा सहमति कायम हुनु, पालिकाभित्र बजेट कार्यान्वयनको चर्चा हुनु स्वयंमा आधा लडाइँ जित्नु हो । बजेट कार्यान्वयनमा शतप्रतिशत सफल पालिकाको पहिचान निर्माण गर्न सक्नु त स्वयंमा इतिहास रच्नु हो । यी सिंह भैं शासन गर्न उद्यत छन्, तर दरबार भैं सेवा गर्न अनिच्छुक छन् भनी आलोचना हुने गरेको छ । यसर्थ, बजेटमा घोषित कार्यक्रमहरूको सफल कार्यान्वयन गरी यस्ता आलोचनाबाट स्थानीय सरकारहरू मुक्त हुनुपर्छ । यसका लागि बजेट कार्यान्वयन योजनालाई 'मेट्रिक्स' मा तयार गर्नुपर्छ । यसमा सिलसिलेवार ढंगले बजेट वक्तव्यको प्रत्येक बुँदालाई सूचीकृत गर्नुपर्छ । यसरी प्रत्येक बुँदामा कार्यान्वयनको जिम्मेवार पदाधिकारी तोक्नुपर्छ । साथै, ती पदाधिकारीलाई सघाउनेहरूको विवरण पनि तयार गर्नुपर्छ । यस अतिरिक्त, तोकिएको काम सम्पन्न हुने समयावधि किटानी गर्नुका साथै सो कार्यक्रमका लागि विनियोजित बजेट रकम पनि उल्लेख गर्नुपर्छ । त्यसपछि सो काम सम्पन्न भएको पुष्टि गर्ने सूचकांक तयार गर्नुका साथै सो कामको अनुगमन गर्ने पदाधिकारी वा टोलीको संरचना तयार गर्नुपर्छ । यसरी तयार गरिएको कार्ययोजना आम जनताको जानकारीमा ल्याउनुपर्छ ।

आफूलाई आफैंले बाँध्ने कार्ययोजनाको घोषणा र 'वाचडग'को सक्रिय भूमिकामा लाभग्राही जनतालाई राख्नु नै सफलतापूर्वक बजेट कार्यान्वयन आरम्भ हुनु हो भनी स्थानीय सरकारले समयमै बुझ्नुपर्छ । पालिकाहरूलाई प्रत्येक महीनाको १ गतेका दिन वितेको महीनामा के काम भयो भनी समीक्षात्मक बैठक गर्न सके खुब राम्रो हुन्छ । यस्तो बैठकमा आगो माग्न आए भैं आउने र तुरुन्तै फर्किनु भएन । यो बजेट कार्यान्वयनको समीक्षा बैठकले 'पाई–पाई हिसाब' गर्नुपर्छ । साथै, यस समीक्षा बैठकले बजेट अपुग भएकोमा बजेट थप गर्ने, र कमान्तर गर्नुपर्ने ठाउँमा रकमान्तर गर्ने, स्रोतान्तर गर्नुपर्ने भए स्रोतान्तर गर्ने र कार्यान्वयन हुनै नसक्ने कार्यक्रम भए रद्द गर्ने म्याण्डेड सहित बैठक बस्नुपर्छ । ७५३ वटा पालिकामध्ये अधिकांश स्थानमा बजेट कार्यान्वयनको जिम्मेवारी मेयर वा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले मात्रै वहन गरिरहेका छन् । पालिकाका पूरै योजनालाई सूचीकृत गरी मेयर वा अध्यक्ष, उपमेयर वा उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, लेखा अधिकृत, प्राविधिक अधिकृत लगायतलाई योजना जिम्मा लगाउने वा स–सानो टिम बनाएर जिम्मेवारी वितरण गर्नुपर्छ । यसबाट सबैले कामको स्वामित्व ग्रहण गर्नेछन् ।

प्रत्येक पालिकाले बजेटको सफल कार्यान्वयन गरी गाउँवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउनुपर्छ । यसको माध्यमद्वारा स्थानीय सरकारको प्रभावकारिताको अभिवृद्धि गर्नुपर्छ । साथै गाउँ र शहरका जनतामा सरकारको उपस्थितिको महसूस गराउनुपर्छ । वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त र दुरुस्त तुल्याउनुपर्छ । यस अतिरिक्त, वित्तीय खर्च र यथार्थ कार्यप्रगति बीच तालमेल खोज्नुपर्छ । दण्ड र पुरस्कारको नीतिलाई घनीभूत रूपमा लागू गर्नुपर्छ । मोबिलाइजेशन रकम दिएपछि निर्माण सामग्री साइटमा खसेको, यन्त्र उपकरण र मजदूर भेला भई काम आरम्भ गरेको सुनिश्चित हुनुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काठमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# पानी रोप्न सकिन्छ



◆ दिपेश नेपाल

हालै माइतीघर वरिपरि 'सरकार पानी देऊ' भनेर बाल्टी, रित्तो गाग्री बोकेका मान्छेहरू देख्नुहुन्छ । संसद् चलेको दिन सरकारको आँखा परोस् भनेर माइतीघर देखि बानेश्वर पुग्ने ती मानिसहरू, खडेरी बढेर खाने पानीकै हाहाकार भएर २३ दिनसम्म पैदल हिंडेर सप्तरीदेखि काठमाडौं आइपुगेका थिए ।

यी मान्छेहरूले सरकारसँग प्राकृतिक स्रोत, पानी मागिरहेका छन् । प्रकृतिसँग माग्नुपर्ने पानी यी मान्छेले किन सरकार सँग मागेका होलान् ? के सरकारले यी सर्वसाधारणको माग अनुसार पानी दिन सक्ला ? के माग अनुरूपको पानी दिन, सरकारले पानी रोपेको छ त ? सरकारले पानी रोपेकै छैन भने कसरी २३ दिनसम्म पैदल हिंडेर आएका किसान र सर्वसाधारणलाई अहिले नै र उनीहरूको भावी सन्तानको लागि पानी दिन सक्ला ?

के पानी रोप्न सकिन्छ ? सकिन्छ भने कसरी र कहिले रोप्ने ? धानसँगै असारमा रोप्ने हो कि ? मकैसँग चैतमा पो रोप्ने हो कि ? रोप्यो भने पानी कहिले फल्छ ? पानी सरकारले रोप्ने हो कि, किसानले ? कि व्यापारीले हो ? अहिले हामीले उपयोग गरिरहेको पानी कसले रोपेको हो ? आउनुहोस्, यी प्रश्नहरूको उत्तर खोजौं । अहिले खानेपानीकै समस्या चारैतिर छ । वर्षाको पानीमा भरपर्ने किसानहरूको सिंचाइको समस्या झन् कति हो कति । यदि लाखौंको संख्यामा पानीको समस्या लिएर पानी माग्न सर्वसाधारण काठमाडौंमा झरे भने के होला ? सरकारले सबैलाई पानी दिन सक्ला ? बढ्दै गरेको पानीको यो समस्या र भविष्यमा आउन सक्ने भनेर प्रक्षेपण गरिएका तमाम संकटलाई अहिले नै बुझ्न र बुझेर भविष्यको योजना बनाउन ढिला भएन र ? यो लेख पानीसँग सम्बन्धित यी तमाम प्रश्नले बोकेका गम्भीर संकटहरूका वरिपरि रहेर लेखिएको छ ।

### कति छ हामीसँग पानी ?

पृथ्वीलाई पानीको ग्रह भनिन्छ । पृथ्वीको कुल क्षेत्रफलको ७१ प्रतिशत क्षेत्र पानीले ओगटेको छ । तर, यो पानीको अधिक हिस्सा (९७.४१ प्रतिशत) समुद्रको पानीले ओगटेको छ । जुन पानी पिउन र खेतीपातीको लागि अयोग्य मानिन्छ । बाँकी २.५९ प्रतिशत ताजा पानीको पनि मुख्य हिस्सा (पृथ्वीमा उपलब्ध पानीको २ प्रतिशत) हिमतालमा बरफको रूपमा सञ्चित रहेको छ भने थोरै हिस्सा (०.६ प्रतिशत) जमिनको सतहमुनि संकलन भएर रहेको छ । उसो त नेपाल पिउन योग्य पानीको स्रोतहरू प्रशस्तै भएको देश हो । नेपालमा मात्रै विश्वको पिउन योग्य पानीको २.२७ प्रतिशत पानी छ । नेपालको भौगोलिक अवस्थिति, पर्याप्त हिमाली क्षेत्र र हिमालहरू र पर्याप्त प्राकृतिक जंगलको कारण नेपाल पिउनयोग्य पानीको स्रोतका हिसाबले धनी राष्ट्रमा पर्न गएको हो । तर पानीको पर्याप्त स्रोतको उपलब्धताको बावजुद पनि नेपालमा पानीको हाहाकार बढ्नु साँच्चै दुःखद् छ ।

### किन छ नेपालमा पानीको हाहाकार ?

नेपालमा पानीको हाहाकार हुनुको पहिलो प्रमुख कारण हो पानीको उपलब्धता र जनघनत्वको अनुपात नमिल्नु । एकातर्फ नेपालका मुख्य नदीहरू सप्तकोशी, गण्डकी, कर्णाली र महाकालीको पानीढलोमा नेपालमा उपलब्ध दुई तिहाइ भन्दा बढी पानी बग्ने गर्छ भने अर्कोतर्फ नेपालमा सबैभन्दा धेरै जनघनत्व भएको दक्षिणी क्षेत्र (तराई) मा भने करिब १३ प्रतिशत पानीको मात्रै उपलब्धता छ ।

यो सँगै; काठमाडौं, चितवन, पोखरा, दाङ र सुर्खेत जस्ता उपत्यकामा अन्धाधुन्द वृद्धि भएको बसोबासको कारण पनि पानीको स्रोतको वितरणमा समस्या देखिएको छ । पानी वितरण बाहेक चुरे र भावरमा बढ्दो अतिक्रमण, जमिनमुनि भएको पानीको अत्यधिक उपयोग, बढ्दो शहरीकरणसँगै बढिरहेको कङ्क्रिट र ढलानहरू, वनजंगलको अत्यधिक दोहन, व्यावसायिक रूपमा गरिएका पानीको अत्यधिक उपभोग, वृक्षरोपण कम र बढी जंगल फडानी गरेर विकसित गरिएको खेतीपाती, एकल खेतीप्रतिको आकर्षण, खेतीपातीमा बढ्दो रसायन र विषादीको प्रयोग जस्ता कारणहरू पनि हाल देखिएको पानीको संकट निम्त्याउन जिम्मेवार छन् ।

यस्ता गतिविधिहरू समयमै नियन्त्रण नगरे, पानीको स्रोतहरूको उचित संरक्षण नगरे, वितरणको भरपर्दो व्यवस्था नगरे र समयमै पानी रोप्न सुरू नगरे यो संकट झन् भन्दा झन् थपिने निश्चित छ ।

### किन रोप्ने पानी ?

पानीको उपलब्धतालाई बुझ्न पानीको चक्रलाई बुझ्नु आवश्यक हुन्छ । सामान्यतया, पानी चक्र भन्नाले पृथ्वीको सतहमा भएको पानी तापक्रमको वृद्धिसँगै वाष्पीकरण भएर बादलमा जाने र बादलमा पुगेको पानीको बाफ चिसो भई बादल बनेर पुनः पानी, हिउँ वा असिनाको रूपमा जमिनमा फर्किने चक्रलाई बुझिन्छ । तर पानी चक्र यतिमा मात्रै सीमित छैन ।

जमिनमा फर्किएको पानी जमिनमुनि पुग्ने, जमिनमुनि पानीको सतह निर्माण हुने, यसैबाट मूल मुहानहरू बन्ने, कुवा र चापाकलको पानीको स्रोत बन्ने एउटा चक्र छ भने पानीको बाफ हिमालमा ठोक्किएर हिउँ बनेर सञ्चित हुने र पग्लेर पानी बनेर बग्ने अर्को चक्र छ । यस्ता धेरै पानी चक्रहरू, स्थानीय क्षेत्रमा पानी पार्न, जमिनमा चिस्यान कायम गर्न, सूक्ष्म जलवायु निर्माण गर्न सक्रिय हुन्छन् । यो सँगै, समुद्री क्षेत्रबाट पानीको कण बोकेर हिंड्ने बादलहरू र स्थानीयस्तरमा बन्ने बादलहरूको घर्षण पनि कुनै निश्चित क्षेत्रमा पानी पार्नको लागि जिम्मेवार रहन्छन् । स्थानीय बादल निर्माण प्रक्रिया धेरै जटिल र चक्रिय छ । जसलाई स्वचालित बनाउनको लागि पनि पानी रोप्न आवश्यक भएको हो ।

विश्वमा धेरै मात्रामा उपलब्ध ताजा पानी नै जमिनको सहतमुनिको पानी हो । त्यसैले सतहमुनिको पानीले विश्वको खानेपानीको ५० प्रतिशत, सिंचाइको ४० प्रतिशत र उद्योगको २५ प्रतिशत माग धानिरहेको छ । नेपालमा हेर्ने हो भने पनि कुल २२ लाख २६ हजार घरधुरीले चापाकल र कुवाको पानी खानेपानीको रूपमा प्रयोग गर्दै आइरहेका छन् । योसँगै मूलको र खोल्साको पानी प्रयोग गर्ने घरधुरी हेर्ने हो भने पनि ७० प्रतिशत भन्दा धेरै घरधुरीमा जमिनमुनिकै पानी खानलाई प्रयोग भइरहेको छ । हामीले खानेपानीको रूपमा होस् या सिंचाइको लागि जमिनमुनिबाट धेरै पानी निकालिसकेका छौं ।

जमिनको सतहमुनि पानी आफैं जम्मा हुँदैन । यो जटिल चक्रिय प्रक्रियाबाट हिमालबाट बगेका खोला तथा नदीहरूबाट, समय-समयमा पर्ने वर्षाबाट जम्मा हुने गर्दछ । पानी पर्दा जमिनबाट पानी पुनःभरण (रिचार्ज) हुने र सतहमुनि जम्मा भएर बस्ने, पानी धेरै रिचार्ज भएपछि मूल फुटेर सतहमा बग्ने हामीकहाँ उपलब्ध मुहाने पानीको एउटा महत्वपूर्ण चक्र हो । तर, हामीले यो चक्रलाई बिथोल्यौं ।

एकातर्फ, जंगल फडानी गरेर, सडक, घर इत्यादि बनाउँदा कङ्क्रिटको प्रयोग गरेर, रसायनको प्रयोग गरी खेतबारीको पानी सोस्ने क्षमता नष्ट गरेर, जथाभावी सडक निर्माण गरेर, जथाभावी ढुङ्गा, गिटी उत्खनन् गरेर, हामीकहाँ भएका खोला तथा नदीहरूमा कङ्क्रिटको तटबन्द निर्माण गरेर जमिनको सतहमुनि पानी संकलन हुने प्राकृतिक लय बिगार्‍यौं ।

जलवायु परिवर्तन र बढ्दो तापक्रमले पानी पर्ने लय र मात्रामा भारी अन्तर आयो । जसले जमिनमुनि पानी कम संकलन हुन थाल्यो । अर्कोतर्फ, उपत्यका तथा तराईमा बढेको जनसत्र्या, पशुपालन, उद्योग र पानीको धेरै आवश्यक पर्ने कृषि प्रणालीको प्रसार र स्थानीय सरकारको गहिरो चापाकल (डीप-ट्युबेल)मा अनुदान दिने होडबाजीले गर्दा जमिनमुनि रहेको पानीको अनियन्त्रित उपभोग बढेको छ । जसले जमिनमुनि रहेको पानीको सतह घट्दै गहिरहेको छ ।

यो सँगै पानीका मुहानहरू सुक्नु, इनारमा पानी नहुनु, कुवामा पानी नआउनु सामान्य जस्तै बनेको छ । खानेपानीको समस्याकै कारण कति बस्ती नै बसाइँ सरेको तितो अनुभव पनि हामीमाझ छ । अहिलेको संकटलाई बढ्न नदिन र थप संकट हुनबाट जोगाउन संरचनागत र व्यक्तिगत रूपमै पानी रोप्न जरूरी छ ।

### कसरी र कसले रोप्ने पानी ?

"पानी रोप्न सकिन्छ (वाटर क्यान बी प्लान्टेड) ।" प्राकृतिक खेतीका अभियन्ता जापानी किसान मसानबु फुकोआकाले भनेको यो वाक्य एक स्विस किसान अर्न्स्ट गाँचले एउटा दिगो कृषि प्रणाली चर्चा गरिएको एउटा भिडियोमा प्रयोग गरेसँगै चर्चित भयो । विश्वभरि बढिरहेको पानीको संकट मानवनिर्मित हो र यसलाई मानिसले नै टार्न सक्छन् भन्ने सन्देश दिने यो वाक्य निकै बलियो र आत्मविश्वासी छ । जमिनमुनिको पानीको चक्र र पानीको पुनः पूरणको सिद्धान्तमा आधारित पानी रोप्ने अवधारणा पानीको गति, जमिनमा प्राकृतिक रूपमा हुर्किएका बोटबिरूवाको संरक्षण र विस्तारका साथै पानीको प्राकृतिक संकलनसँग सम्बन्धित छ ।

आकासे पानीको गति कम गरेर पुनः

बाँकी पेज ३ मा

## पानी रोप्न...

पूनरभरण (रिचार्ज) गर्न रूखहरूले महत्वपूर्ण भूमिका खेल्छन् । माटोको प्रकृति, भूबनोट, नदी, खोला र खोल्साहरूको किनारा, जैविक विविधता र मिश्रित खेतीप्रणाली पानी रोप्ने औजार तथा मेसिनहरू हुन् । रूखहरूले पानी ल्याउँछन् र पानी पार्छन् भनेर विज्ञानले प्रमाणित नै गरिसकेको छ । यसैले पानी रोप्न रूखहरूको संरक्षण र विस्तार गर्न आवश्यक छ । आकासे पानी पर्दा रूखका पातमा ठोक्किएर गति कम हुन्छ र विस्तारै जमिनमा पुग्छ ।

रूखका जराहरूले पानीलाई जमिनको तल्लो भागमा सहजै पुऱ्याउने बाटो बनाएको हुन्छ । रूख वरिपरिको माटोमा सूक्ष्म जीवहरूको गतिविधि पनि धेरै हुन्छ, गड्यौला लगायत जीवहरूको सक्रियताले माटो खुकुलो हुने र धरण (ह्युमस)को निर्माण हुने हुँदा जमिनको आकाशे पानी सोस्ने र संकलन गर्ने क्षमतामा वृद्धि हुन्छ जसले पानी रोप्न सघाउँछ ।

तर, सबै रूखहरूले पानी पुनः पूरण गर्छन् भन्ने छैन । पछिल्लो समय तराई क्षेत्रमा प्रोत्साहन तथा वितरण गरिएका सपेता, टिक, रबर मध्य तथा उच्च पहाडमा प्रोत्साहन तथा वितरण गरिएका सल्ला तथा धुपीहरू हुर्किन धेरै पानीको आवश्यकता पर्छ ।

त्यसैले यस्ता रूखहरूले जमिनबाट धेरै पानी सोसेर जमिनलाई बञ्जर बनाउँछन् भने यस्ता रूखहरू वरपर धेरै रूखबिरूवा नहुर्किने हुँदा प्राकृतिक जैविक विविधतालाई पनि यस्ता रूखहरूले असर पार्दछन् ।

योसँगै कृषि क्षेत्रमा प्रोत्साहन भइरहेको एकल बाली प्रणाली, अन्धाधुन्द प्रयोग भएको रसायन र विषादी, आवश्यकता भन्दा ठूला मेसिनरीहरू, टनेल र बेमौसमी तरकारी उत्पादन जस्ता कारणले कृषि जमिनको पानी सोसेर र ाख्ने क्षमता घट्दै गइरहेको छ ।

घट्दो पशुपालनले बारी तथा खेतीमा कार्बन सञ्चिति घटिरहेको छ भने धरणको मात्रा पनि घटेको अध्ययनले देखाएका छन् । त्यसैले मिश्रित तथा अन्तरआश्रित खेती प्रणालीको प्रोत्साहन, खेतबारीमा रसायन तथा विषादीको प्रयोगमा रोक, हरियो मल र वस्तुभाउको मलको प्रयोगमा वृद्धि र मौसम अनुसार को खेती प्रणालीलाई प्रोत्साहन गरेमा हामीले आफ्नो क्षेत्रमा खेतीसँगै पानी पनि रोप्न सक्छौं । पछिल्लो समय जलवायु परिवर्तनसँगै आकासे पानी कम पर्ने, एकैचोटि धेरै पानी पर्ने, कुनै ठाउँमा ज्यादै पानी पर्ने र डुवान हुने, कुनै ठाउँमा लामो समयसम्म खडेरी हुने जस्ता समस्या देखिएका छन् । यस्तो अवस्थामा पानीको गतिलाई कम गर्ने (जस्तै रूख बिरूवाले जमिन ढाकेर राख्ने), पानी सञ्चय गर्ने (वर्षाको पानी सञ्चय गर्ने पोखरीहरूको निर्माण गर्ने) र माटोलाई पानी खुवाउने प्रणालीहरूको निर्माण गरेर पानी रोप्न सकिन्छ ।

अन्त्यमा, पानीलाई संरचनात्मक रूपमा तीनै तहका सरकारले, अनुसन्धानको रूपमा विभिन्न शैक्षिक संघसंस्थाले, प्रचारको रूपमा गैरसरकारी संघसंस्थाले र स्वदायित्वको रूपमा हरेक एक व्यक्तिले आजैदेखि रोप्न सुरू गर्न आवश्यक छ । आज मलाई पानीको समस्या छैन भनेर बस्यो भने भोलिको पुस्ताले पानीकै लागि युद्ध गर्नपर्ने, पानी खान नपाएर बसाइँ सर्नुपर्ने अवस्था आउने निश्चित छ । त्यसैले आजको दिनदेखि नै छिमेकी मुलुक भारत, मध्यएशिया जस्ता देशमा आएका संकटहरूबाट पाठ सिक्दै आज र भोलिका लागि पानी रोप्न ढिलो भइसक्यो ।

*(लेखक फरेष्ट एक्सन नेपालमा पर्यावरणीय कृषिको अनुसन्धानकर्ताको रूपमा कार्यरत छन् ।)*

# बालबालिकालाई अनलाइन जालबाट कसरी जोगाउने ?

आजभोलिका बालबालिका कम उमेरमै इन्टरनेट प्रयोगकर्ता बनिरहेका छन् । संयुक्त राष्ट्र संघका अनुसार विश्वमा हरेक आधा सेकेन्डमा एक बच्चा अनलाइनमा हुन्छन् । यस्तोमा अनलाइन दुनियाँमा समेत बालबालिकाको बढ्दो पहुँचले खतरा निम्त्याइरहेकोमा विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् । यसै सन्दर्भमा हालै वेस्टर्न सिड्नी विश्वविद्यालयको यंग एण्ड रेजिलिएन्ट सेन्टरले एक अध्ययन गरेको छ । बालबालिकाको पहुँच बढिरहेको मात्र होइन, सुरक्षित ढंगले चलाउन नसकेका कारण उनीहरू जोखिममा रहेको अध्ययनले देखाएको छ ।

उक्त अध्ययनअनुसार सामाजिक सञ्जालमा अपरिचित व्यक्तिबाट आउने अनुचित साथीको प्रस्तावलाई ब्लक गर्नुपर्छ भन्ने जानकारी बालबालिकामा हुँदैन । यस अध्ययनले यस्ता व्यक्तिलाई रिपोर्ट नगर्दा वा ब्लक नगर्दा बालबालिकाहरू आफूलाई भविष्यमा अनावश्यक सम्पर्कको ठूलो जोखिममा पार्छन् । बेलायतमा नयाँ कानुन 'अनलाइन सेफ्टी एक्ट' अन्तर्गत भनिएको छ, 'इन्टरनेटमा बालबालिकाको बढी सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी अभिभावकको मात्र नभई प्रविधि कम्पनीहरूको पनि हो ।'

तर यस कानुनसँग सम्बन्धित नयाँ नियमहरू सन् २०२५ सम्म लागू हुने छैनन् । किनकि यो नियम हाल बहसको विषय बनेको छ । आलोचकहरू भन्छन्, 'यो नियम बनाए पनि धेरै प्रभावकारी छैन ।' बेलायतपछि विश्वभरका धेरै देशले समान नियम बनाई लागू गरेका छन् । सामाजिक सञ्जालमा अपरिचित व्यक्ति र एपसँग जोडिनका लागि बढावा दिन सबैभन्दा बढी योगदान कम उमेरका बालबालिका तथा किशोरकिशोरी रहेको तथ्यांकले देखाउँछ । सन् २०२३ मा विश्वभर १५ देखि २४ वर्षसम्म उमेरका ७९ प्रतिशत अनलाइन प्लेटफर्मका प्रयोगकर्ता छन् । यंग एण्ड रेजिलिएन्ट सेन्टरका सहनिर्देशक अमान्डा थर्ड भन्छिन्, 'अनलाइन जगतमा हुर्किरहेका बालबालिकालाई इन्टरनेटमा सुरक्षित राख्न मद्दत आवश्यक छ ।'

बालबालिकाका लागि संयुक्त राष्ट्रसंघीय संगठन युनिसेफले गरेको अध्ययनअनुसार ३० देशका एक तिहाइभन्दा बढी बालबालिकाले साइबर संसारमा धम्कीको सामना गर्छन् । जसकारण करिब २० प्रतिशत बालबालिका विद्यालय जान समेत छाडेका छन् । त्यति मात्र होइन, कतिपय बालबालिका सामाजिक सञ्जालमा घृणायुक्त भाषण, हिंसात्मक सामग्री तथा उग्रवादी खालका सामाजिक सञ्जालका ग्रूपहरूमा जोडिनु पनि चिन्ताको विषय हो ।

यससँगै डिजिटल प्लेटफर्महरूमा षड्यन्त्रका गलत सूचना वा मनगढन्ते कथाहरू पनि व्यापक रूपमा फैलिन्छन् ।

### यौन शोषण र दुर्व्यवहारको जोखिम

***युनिसेफ भन्छ,*** 'अनलाइन संसारमा बालबालिकाहरू यौन शोषण र दुर्व्यवहारबाट सबैभन्दा बढी जोखिममा छन् ।' संघका अनुसार यौन शोषण गर्नेहरूलाई जालो हाली अनलाइनमार्फत सिकार खोज्न आज सहज भएको छ । उनीहरूले यस्ता तस्वीरहरू सजिलै सेयर गर्न सक्छन् । जसले अरूलाई त्यस्ता अपराध गर्न उक्साउन सक्छन् । २५ देशका झन्डै ८० प्रतिशत बालबालिकाले अनलाइन जगतमा यौन शोषण तथा दुर्व्यवहारको धम्की आएको रिपोर्ट दर्ता गरेका छन् ।

### के यस्तोमा आमाबाबुको लागि अनलाइन निगरानी विकल्पहरू उपलब्ध छन् ?

बालबालिकामाथि हेरविचार राख्ने धेरै उपाय छन्, जसले बच्चामा तनाव ल्याउने वा जोखिममा पार्ने अनुचित सामग्रीलाई रोक्छ । तर अध्ययनहरूले के देखाउँछन् भने यस्ता विकल्पमा आमाबाबुको त्यति चासो र प्रयोग छैन ।

सन् २०१९ मा गरिएको ग्लोबल किड्स अनलाइन सर्वेक्षणले नौदेखि १७ वर्ष उमेरका बालबालिकाका अधिकांश अभिभावकले बालबालिकालाई निगरानी गर्न प्राविधिक उपकरणहरू प्रयोग गर्नुको सट्टा रोकथाम र नियममा आधारित प्रतिबन्ध जस्ता विधि अपनाउनेमा ध्यान दिन्छन् । सो अध्ययनअनुसार अभिभावकबीच कतिपय सांस्कृतिक मतान्तर छ । युरोप र दक्षिण अमेरिकाका सम्पन्न देशमा अभिभावकहरू मध्यस्थता रूचाउँछन् । जबकि घाना, फिलिपिन्स र दक्षिण अफ्रिकामा, अभिभावकले यस मामिलामा सीमित हस्तक्षेपको नीति अपनाउँछन् ।

यद्यपि, बच्चाहरूको फोन वा अन्य उपकरणमा अभिभावकीय नियन्त्रण कम रहन्छ । यस सर्वेक्षणमा समावेश गरिएका देशमा तीन प्रतिशतभन्दा कम अभिभावकहरूले आफ्ना सन्तानको अनलाइन प्रयोग सुरक्षित राख्न प्राविधिक उपकरणहरू प्रयोग गरिरहेका थिए । बेलायतमा रहेका केही ठूला इन्टरनेट कम्पनीहरूले मिलेर 'इन्टरनेट म्याटसर' नामको सुरक्षा संस्था बनाएका छन् । इन्टरनेट म्याटसर'ले सुरक्षित उपलब्ध प्राविधिक उपकरणहरूको सूची संकलन गरेको छ । योसँगै यी प्राविधिक उपकरणको प्रयोगका लागि मार्ग निर्देशन पनि बनाएको छ ।

उदाहरणका लागि आफ्ना बच्चाहरूलाई युट्युब र टिकटक जस्ता दुई सबैभन्दा लोकप्रिय प्लेटफर्महरूमा अनुपयुक्त सामग्री हेर्नबाट रोक्न चाहने अभिभावकले बच्चाहरूको लागि विशेष रूपमा डिजाइन गरिएको 'किड्स भर्जन' सेटअप गर्न सक्छन्, जसले वयस्क सामग्री फिल्टर गर्छ । युट्युब र टिकटक मुख्य साइटहरू प्रयोग गर्ने किशोर ावस्थाका लागि अभिभावकीय अनुगमन अकाउन्ट बनाउन सक्छन् । यस्ता अकाउन्टले आफ्ना बच्चाले यी एपहरूमा के हेरिरहेका छन् भनेर जान्न अनुमति दिन्छ ।

फेसबुक मेसेन्जर पनि परिवार केन्द्र मार्फत निगरानी गर्न सकिन्छ । टिकटकका अनुसार पारिवारिक सदस्यलाई जोड्ने यो माध्यमले आमाबाबुलाई बच्चाका खाता निजी बनाउने शक्ति दिन्छ ।

इन्स्टाग्राममा अभिभावकका लागि पनि धेरै उपकरण उपलब्ध छन्, जसको माध्यमबाट उनीहरूले हेर्नका लागि दैनिक समयसीमा सेट गर्न सक्छन् । उनीहरूले ब्रेकको समय पनि तय गर्न सक्छन् । र, आफ्ना बच्चाहरूले गुनासो गरेका अकाउन्टको सूची पनि बनाउन सक्छन् । मोबाइल फोनको प्रयोग र एपहरूमा नियन्त्रणका विकल्पः

- एन्ड्रोइड, एप्पलको फोन र ट्याब्लेटहरूमा यस्ता एप र सिस्टम हुन्छन्, जुन अभिभावकले निगरानीका लागि प्रयोग गर्न सक्छन् ।
- यी उपकरणहरू मार्फत अनुचित एपहरूको ब्लक गर्न सकिन्छ । वा, यस्ता पहुँच सीमित गर्न सकिन्छ ।
- गलत उत्सुकता प्रयोग गर्ने वयस्क सामग्री प्रतिबन्धित गर्न सकिन्छ । बालबालिकाको खरिदमा प्रतिबन्ध लगाउन सकिन्छ । र, तिनीहरूको ब्राउजिङ निगरानी गर्न सकिन्छ ।
- एप्पलले स्क्रिन टाइम उपकरण उपलब्ध गराएको छ ।
- नेटफ्लिक्स जस्ता स्ट्रिमिङ प्लेटफर्महरूले सामग्री फिल्टर गर्न अभिभावकीय नियन्त्रणहरू प्रदान गर्छन् ।

एकै समयमा गेमिङ कन्सोलको सेटिङ मार्फत अभिभावकहरूले बच्चालाई उनीहरूको उमेरअनुसार खेल खेल्न सीमा तोक्न सक्छन् । र, खेल खेल्दा खरिदमा प्रतिबन्ध लगाउन सक्छन् ।

धेरै देशमा यी अभिभावकीय नियन्त्रण विकल्पहरू ब्रोडब्यान्ड र टिभी सेवा प्रदायकहरूले पनि प्रदान गर्दै आइरहेका छन् । *-बीबीसीबाट*

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

# हेटौंडामा खानेपानी आयोजनाले जीवनशैली नै फेरिंदै



◆ विकास संवाददाता

कक्षा ५ मा पढ्ने सपना लामा बिहानै प्लाष्टिकको बोटलमा पानी ओसार्छिन। घरको लागि केही बोटल र आफूलाई स्कुल लैजान १ वा २ बोटल पानी जम्मा गरेपछि सुरू हुन्छ उनको स्कुलको तयारी । घर नजिकै धारा छैन । न त स्कुलमा पानीको व्यवस्था छ ।

घरमा पनि पानी चाहियो स्कुलमा पनि त चाहियो। गर्मीको मौसम छ, छिन छिनमै प्यास लाग्छ, तर पानी छैन। उनी सरस्वती प्राविमा अध्ययनरत छिन् । "हामीलाई पानीको सुविस्ता (व्यवस्था) भएमा तिर्खाएर बस्नु पर्ने थिएन" उनले भनिन् "कहिले त आफूले लगेको पानी सकिन्छ, साथीहरूको बाँकी भएमा बाँडिबाँडि खान्छौ ।" खोल्साको पानी भरेर खाने गरेका उनीहरूलाई घरबाट त्यै खोल्साको पानी ओसार्न पौने एक घण्टा लाग्छ । स्कुले जीवनमा किताब कापीभन्दा पानी अनिवार्य गरेर बोकेको स्मरण गर्छन हाल कक्षा १० मा अध्ययनरत दिनेश सिङ्तान पनि । "शहरको स्कुलमा जस्तो यहाँ गाउँमा कहाँ धारा हुनु र, स्कुलमा खानकै लागि पानी हुदैन, ट्वाइलेटहरूमा झन् के कसरी पाउनु हुनु" उनले भने ।

"नजिकै छैन, धाउनु पर्छ, गर्मीमा खोल्साको पानी पनि सुकेर सानो हुन्छ, भर्न झन् धेरैबेर लाग्छ" स्थानीय नाम्याल लाल सिन्तानले भने । यो पीडा कुनै विकट गाउँपालिकाको हैन, हेटौंडा उपमहानगरपालिकाको वडा न १ को शिखरकोट, बाँझोडाँडा, हुमारे, देउराली बसन्त, भालुखोला, आरनचौर, कालिटार नर्कौली, लालडाडी, लामीडाँडा, भैरवडाँडाका स्थानीयहरूको हो । जहाँ वर्षायाममा नै पानीको सहज हुदैन, हिउँद सुरू हुँदा नहुँदै पानीको हाहाकार सुरू हुने गरेको छ । वर्षाको मौसममा भने उनीहरूले आकाशे पानी नै विभिन्न प्रयोजनमा लगाउँछन् र आफ्नो दैनिकी केही सहज बनाउँछन् ।

"हामीले वर्षौंदेखी यो समस्या समाधानको लागि कोशिस गरेका हौं" सिङ्तानले भने "सुनुवाई भएन । दुईवर्ष अघिबाट भने खानेपानी तथा सरसफाई डिभिजन १ हेटौंडा कार्यालयमार्फत खानेपानी योजनाको काम सुरू गरिएको छ । लेखपानी दुपारे भैरवडाँडा खानेपानी योजना मकवानपुर हेटौंडा १ र १९ अन्तर गत यहाँका ७ सयभन्दा बढी घरधुरीले पानीको पीडामा मल्हम लगाउने छन् । आगामी आर्थिक वर्षसम्म यो योजना पुरा हुनेमा स्थानीयले आशा प्रकट गरे । यसको लागि चालु आर्थिक वर्षको लागि १८ लाख बजेट विनियोजन गरिएको थियो । क्रमागत योजना अन्तरगत यो योजनाको २ वर्ष अघिबाट थालिएको हो । कुल ७ सय घरधुरी भन्दा बढी लाभग्राही रहेको यस योजना अन्तरगत शिखरकोट, बाँझोडाँडा, हुमारे, देउराली बसन्त, भालुखोला, आरनचौर, कालिटार नकौली, लालझाडी, लामीडाँडा, भैरवडाँडाका स्थानीयहरू लाभान्वित हुनेछन् ।

"एक गाग्रो पानीको लागि हामीले ३ घण्टा परिश्रम गर्नुपर्छ, यो योजना पुरा भएपछि त हामीलाई घरैमा स्वर्ग हुनेछ" शिखरकोटका रामबहादुर मोक्तानले भने । उनीहरूको वस्तिमा पानीको लागि पुण्यक्षेत्रमन्दिर नजिकैको खोल्साबाट पानी ओसार्नुपर्ने अवस्था रहेको उनले बताए । "सबैकाम छाडेर पानी ओसार्नुपर्छ, गाई बस्तुलाई पानी दिन झन् समस्या छ, आफूहरूलाई त धेरै धौ छ पानी ल्याइपुऱ्याउन" शिखरकोटकी मैयासानी थोकरले भनिन् "बिरामी हुँदा पनि पानी त ओसार्न पर्छ ।"

आफ्नो जीवनको सबैभन्दा बढी दुख र पीडा पानीकै लागि गरिएको घ्याङ्सिङटरकी टावलसी घलान बताउँछिन् । "कहिलेले बस्ति नै छोडेर बसाइ हिडौं झै लाग्छ, तर अन्त जान पनि पैसा चाहियो, हामी दुई छाक टार्नकै लागि दैनिक श्रम गर्नेलाई सुविस्ता भएको ठाउँमा कसरी जाने रहर रहरमात्रै हो ?" टावलसीले भनिन् । सरकारले जनताको पीडालाई आफ्नै ठानेर विकास निर्माणमा ध्यान दिनु पर्ने खानेपानी योजनाको स्थानीय उपभोक्ता समिति सचिव नाम्याल लाल सिन्तानले बताए ।

"चुनाव आउँदा सबै पीडा सरकारले लिएर हामीलाई स्वर्ग जस्तै सुख देलान् झै गर्छन्, मत गनेपछि उहाँहरूलाई हाम्रो याद गर्ने समय नै नहुने रहेछ" उनले भने। सुगम स्थानमा विभिन्न गैससहरूले पनि कार्यक्रम लैजाने गरेको तर विकाटलाई सबैले बिर्सनले गरेको उनले बताए। लामो समयमो संघर्षपछि बागमती प्रदेश सरकार अन्तरगत यो योजना पाएकोमा उनले खुसी प्रकट गरे । हाम्रो गाउँमा न बजारको सुविधा छ, न बाटो-पानीको सरकारले पनि हामीलाई सपना मात्रै देखाउँदै आएको थियो, अब पानी चाही सहज पिउन पाइन्छ कि भनेर आशा जागेको छ" नकौलीका स्थानीय जय बहादुर मोक्तानले भने "यो पानी मात्रै घरघर झरिदिए हामीले सरकारको जय जय गर्नेछौ ।"

हालसम्म यस योजना अन्तरगत यसवर्ष भैरवडाँडामा ५० घर र नकौली डाँडामा ६० घरलाई पानी वितरण गरि सकिएको सचिव नाम्याल लाल सिन्तानले बताए । यसैवर्ष १०० घनमिटर क्षमताको पानी ट्याङ्की निर्माण सकिएको छ । यसैगरी ७५ घनमिटरको ट्याङ्की निर्माणको कार्य भइरहेको खानेपानी तथा सरसफाइ डिभिजन १ कार्यालय मकवानपुरको सूचना अधिकारी सव इञ्जिनियर राजन सापकोटाले बताए । अन्य क्षेत्रहरूमा पाइप लाइन विस्तार गर्ने, पाइप विछ्याउने कार्य जारी रहेको सापकोटाले बताए। सापकोटाका अनुसार नकौली र भैरवडाँडा बाहेक अन्य विभिन्न टोलहरूमा समेत गरी हाल झण्डै २०० घरधुरी पानी प्रयोग गर्न थालिसकेका छन् ।

यसै योजना अन्तरगत अघिल्लो आर्थिक वर्षमा २०० घनमिटर क्षमताको पानी ट्याङ्की निर्माण गरिएको थियो । यसैगरी पानीको मुहानमा इन्टेक निर्माण, पानी तान्नको लागि विद्युत विस्तार लगायतको काम पनि अघिल्लो आर्थिक वर्षमा सम्पन्न गरिएको थियो । पिउने पानीको लागि रातभर आनन्दले निदाउन नपाउने स्थानीयहरू अब घरैमा पानीको धारा भएपछि आफ्नो समयमात्रै हैन परि श्रम र दुख गर्नु नपर्ने भएपनि स्थानीयहरू खुसी छन् । अहिले खानेपानी डिभिजनले पम्पिङ सिस्टमबाट खानेपानी सञ्चालन भएका योजनाहरूमा स्मार्ट ट्याङ्क निगरानी र नियन्त्रण प्रणाली जडान गरि एको खानेपानी तथा सरसफाइ डिभिजन नंबर-१ कार्यालयका प्रमुख हरिराम पौडेलले बताए ।

# मनहरी गाउँपालिकाको नीति तथा कार्यक्रम पेश




◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाको १५ औं अधिवेशनबाट ५ असारमा नीति तथा कार्यक्रम पेश गरेको छ । नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले नीतिगत रूपमा शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार : समृद्ध मनहरीको आधार भन्ने मूलनारामा आधारित रही आगामी आर्थिक वर्ष २०८१/८२ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिएको जानकारी दिए ।

नीति तथा कार्यक्रममा विपन्न परिवारका सदस्यको मृत्यु हुँदा परम्परा अनुसारको दाहसंस्कारका लागि गाउँपालिकाले आर्थिक सहयोग गर्ने समेटिएको छ । कतिपय विपन्न मानिस आर्थिक अवस्थाका कारण काजकिरिया गर्न कठिन रहेकाले कार्यक्रममा समेटिएको गाउँपालिका अध्यक्ष कालाखेतीले बताए। गाउँपालिकाले आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक यातायातमा विपन्न नागरिकलाई सहुलियत दिने नीति ल्याइएको छ। गाउँपालिकाको सिफारीस वा परिचयपत्रको आधारमा गरिब तथा विपन्न नागरिकलाई भाडा छुटका लागि सार्वजनिक यातायात व्यवसायीसँग सम्झौता गर्ने अध्यक्ष कालाखेतीले बताए ।

गाउँपालिकाले सामाजिक विकास लक्षित विशेष नीति तर्जुमा गरी वजेटमा समावेश गर्ने लक्ष्य लिएको अध्यक्ष कालाखेतीले जानकारी दिए । 'हामीले शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर नीति कार्यक्रम ल्याएसँगै सोही अनुरूप बजेट निर्माण गर्नेछौं'-अध्यक्ष कालाखेतीले भने । गाउँसभामा चालु आर्थिक वर्षमा भएका प्रमुख उपलब्धी कार्यात्रम र सम्पन्न भएका योजनाबारे जानकारी गराएका थिए ।

संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमको प्राथमिकता र मार्गदर्शन, योजनाले परिलक्षित गरेका प्राथमिकतालाई आत्मसाथ गर्दै अघि बढ्ने गाउँपालिकाको लक्ष्य रहेको अध्यक्ष कालाखेतीले बताए ।

# शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रमहरू समावेश गर्न माग

◆ विकास संवाददाता

नेपाल राष्ट्रिय शिक्षक संगठनले थाहा नगरपालिकाको आगामी वर्षको वजेटमा शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रमहरू समावेश गर्न माग गरेको छ। संगठन थाहानगर समितिका अध्यक्ष मनोज लामिछाने नेतृत्वको टोलीले नगर प्रमुख बिष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली र प्रमुख कार्यकारी अधिकृत कृष्ण गिरीलाई ४ असारमा माग पत्र बुझाएको हो ।

मागपत्रमा विषयगत शिक्षक तालिम र नगरस्तरीय मैत्रीपूर्ण शिक्षक भलिवल कार्यक्रमलाई नीति तथा कार्यक्रम मै समावेश गर्न उल्लेख छ ।माग पत्र बुझाउन संगठनका अध्यक्ष लामिछाने,



निवर्तमान अध्यक्ष रूपचन्द्र गोपाली, सचिव सचिन कुमार बल, सदस्य जगन्नाथ अधिकारी पुगेका थिए ।

माग पत्र बुझ्दै नगर प्रमुख विष्टले सकारात्मक प्रतिवद्धता व्यक्त भएको अध्यक्ष लामिछानेले बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

### पानीको सतह घट्यो

# कुलेखानीको माछापालन प्रभावित



◆ विकास संवाददाता

कुलेखानी जलासयमा पानीको सतह घटेपछि स्थानीयले केज निर्माण गरेर गरिएको माछापालन पनि प्रभावित भएको छ । करिव ४ सय परिवारले कुलेखानी जलासयभित्र केजमा माछापालन गर्दै आएका छन् ।

जलासयमा खुला रूपमा पछिल्लो पटक ९ लाख माछाका भुरा छोडिएको छ । इन्द्रसरोवर रिजर भ्वायरको जलीय जैविक विविधता संरक्षणका लागि ९ लाख २० हजार माछाको भुरा छाडिएको हो । मत्स्य विकास केन्द्र, कुलेखानी मकवानपुरले ८ लाख र प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाले एकलाख २० हजार माछाका भुरा कुलेखानी जलासयमा छाडेका हुन् । मत्स्य विकास केन्द्र, कुलेखानीका निमित्तप्रमुख मनिता पौडेलका अनुसार सिल्भर कार्प २ लाख, विगहेड २ लाख, कपन कार्प १ लाख, नैनी, रूबु २ लाख र ग्रास कार्प १ लाख माछाको भुरा छोडिएको हो ।

प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाका बरिष्ठ मत्स्य विकास अधिकृत सरोजकुमार यादवका अनुसार रहू तथा नैनी प्रजातिका माछाका भुरा एकलाख २० हजार छाडिएको हो । नेपाली सेना, स्थानीय, कर्मचारी र सरोकारवालाको सहयोगमा माछाको भुरा जलाशायसम्म लगेर छाडिएको थियो । मत्स्य विकास केन्द्र, कुलेखानीले मत्स्य विकास केन्द्र भण्डाराबाट ५ लाख र हीरा मत्स्य ह्याचरीबाट ३ लाख माछाको भुरा खरिद गरेको बताइएको छ । यसअघि प्राकृतिक जलाशय मत्स्य प्रबर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाले बागमती नदीमा रहू तथा नैनी प्रजातिका एकलाख २५ हजार माछाका भुरा छोडेको थियो ।

केन्द्रले प्राकृतिक जलाशायमा जलीय जैविक विविधता संरक्षण तथा त्यसमा आश्रित समुदायको जीवनस्तर उकास्नको लागि स्थानीय जातका माछाका भुरा बागमती नदीमा छाडेको थियो । मत्स्य विकास केन्द्र, कुलेखानीले अघिल्लो आर्थिक वर्षमा १० लाख माछाको भुरा छाडेको निमित्त प्रमुख पौडेलले जानकारी दिइन् । केन्द्रले चालु आवको जेठ मसान्तसम्म २ हजार ६६ केजी माछा उत्पादन गरेर विक्री गरी ५ लाख १२ हजार रूपैयाँ राजस्व संकलन गरेको छ ।

अघिल्लो आव २०७९/८० मा २ हजार ५१० केजी माछा उत्पादन गरेको कार्यालयले यसवर्ष अझै उत्पादन बढ्ने विश्वास लिएको छ । यहाँ उत्पादन भएका माछा स्थानीयस्तरमै खपत हुने गरेको छ । सिल्भर, विगहेड प्रतिकेजी २५० रूपैयाँ र केजमा पालेको माछा प्रतिकेजी २३० र कमन कार्प, रूहु, नैनी प्रतिकेजी ३०० का दरले स्थानीयस्तरमै विक्री हुनेगरेको पौडेलको भनाई छ । पर्यटकको रोजाइको क्षेत्र भएकाले यहाँ आउने पर्यटकले यहाँको माछा अत्यधिक मन पराउने गरेको होटल व्यवसायी यूनिक बिष्टले जानकारी दिए । वि.स.२०४५ सालदेखि निजीस्तरमा कृषकलाई प्रविधि सिकाई केजमा माछापालन कार्यको थालनी गरिएको थियो । वि.सं. २०६६ सालमा ६८५ जना शेयर सदस्य सहित इन्द्रसरोवर मत्स्य व्यवसायी संघको स्थापना गरी जलासयमा केजमा माछापालन हुँदै आएको छ ।

इन्द्रसरोवर रिजरभ्वायर विद्युत उत्पादनको उद्देश्यले कुलेखानी खोलामा ड्याम वनाई निर्माण गरि एको मानव निर्मित नेपालकै ठुला जलासय हो । यसमा पानी जम्मा पार्नलाई पालुङ्खोला, चित्लाङ्खोला, सेतीखोला, चखेल इनलेट, चल्खुखोला, ठाडोखोला र धस्कुखोला गरी ७ वटा जलाधार श्रोत छन् । समुद्री सतहदेखि १५३० मिटर उचाईमा यो जलासय रहेको छ । जलासयमा पूर्णरूपमा पानी भरिएको समयमा २१६ हेक्टर र हिउँदमा ५५ हेक्टर पानी रहेको हुन्छ । विद्युत उत्पादनको अतिरिक्त पानीको बहुआयामिक उपयोग गरी आयोजनाकालमा विस्थापित भएका सरोकारवाला कृषकलाई स्थानीयस्तरमै वैकल्पिक रोजगारी प्रदान गर्ने तथा प्राणी प्रोटीनको उपलब्धतालाई बढाउने उद्देश्यले केजमा माछापालन गरिएको हो ।

# २० वर्षदेखि फरार इन्द्रसरोवरका वाइवा पक्राउ

◆ विकास संवाददाता



हत्या अभियोगमा १६ वर्ष कैद र ३ लाख जरिवानाको फैसला सुनाइएका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । घटना भएको २० वर्षदेखि फरार रहेका अभियुक्तलाई मकवानपुर प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले ३ असारमा इन्द्रसरोवर गाउँपालिका १ स्थित नयाँ गाउँका ६१ वर्षीय सन्तबहादुर वाइवालाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए । वि.सं. २०६१ जेठ ३ गते तरकारी व्यापारको निम्ती मार्खु आएका काठमाडौंका ४२ वर्षीय केदारप्रसाद पराजुलीको साथमा रहेको ५० हजार रूपैयाँ लुटे भीरबाट लडाएर वाइवाले हत्या गरेका थिए ।

फरार प्रतिवादी वाइवालाई कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले २०७० सालमा १६ वर्ष कैद सजाय र ३ लाख रूपैयाँ जरिवाना हुने फैसला गरेको थियो । पराजुलीको हत्या पश्चात फरार भएका वाइवा केही समयदेखि घरमा नै बस्दै आएको प्रहरीले जानकारी दिएको छ ।

# थाहालाई २ स्वर्णसहित ६ वटा पदक

◆ विकास संवाददाता

त्रिज्योति माध्यमिक विद्यालय कपनले आयोजना गरेको चौथो इन्डो-नेपाल गोजुरियो कराँते प्रतियोगितामा थाहाको गोजुरियो डोजोले २ स्वर्ण सहित ६ वटा पदक हात पारेको छ ।

डोजोका प्रशिक्षक मानसिंह दोङका अनुसार-'थाहाबाट प्रतियोगितामा सहभागी खेलाडी सन्जिता गोलेले ४५ किलो तौल समुहमा स्वर्ण,५५ किलो तौल समुहमा शन्तराम अधिकारीले स्वर्ण पदक सहित ६० किलोमा सुमन घिमिरेले रजत तथा आशा तामाङ ५० किलोमा कास्य, प्रमिला थोकर ५५ किलोमा कास्य र सन्तोष गोपाली ५० किलो तौल समुहमा कास्य पदक हात पार्न सफल भएका छन् ।'

प्रतियोगितामा ७ वटा विद्यालय र ३ वटा डोजोको १ सय ५३ खेलाडिको सहभागिता रहेको थियो ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरु गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

# नेपाल राष्ट्रिय शिक्षक संगठन थाहाको अध्यक्षमा लामिछाने

◆ विकास संवाददाता

नेपाल राष्ट्रिय शिक्षक संगठन थाहानगर समितिको अध्यक्षमा मनोज लामिछाने सर्वसम्मत चयन भएका छन् । १ असारमा सुनौला सिकाइ केन्द्रको हलमा सम्पन्न तेस्रो नगर अधिवेशनले लामिछानेको अध्यक्षतामा २७ सदस्यीय नगर समिति सर्वसम्मत चयन गरिएको निर्वाचन अधिकृत श्रीराम दाहालले जानकारी दिए ।

समितिको महिला उपाध्यक्षमा सावित्री केसी, उपाध्यक्षमा कृष्ण भट्ट, सचिवमा सचिन कुमार बल, सह-सचिवमा सविना अर्याल, कोषाध्यक्षमा हरिप्रसाद ढकाल, सह-कोषाध्यक्षमा कविता कँडेल सर्वसम्मत भएका छन् ।

समितिको सदस्यहरूमा जगन्नाथ अधिकारी, रामबहादुर महर्जन, लोक बहादुर थिङ, रामगुलाम चौधरी, कमल थापा मगर, सुशिला पुलामी, गोमा घलान, सरस्वती कार्की, रेजिना लामा, लक्ष्मी ढकाल र देवकी अर्याल निर्विरोध भएका छन् । अधिवेशनबाट निर्वाचित समितिलाई नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुर जिल्ला अध्यक्ष श्रीराम दाहालले सपथ ग्रहण गराए ।

अधिवेशनको उद्घाटन सत्र रूपचन्द्र गोपालीको सभाध्यक्षता एवं जिल्ला अध्यक्ष दाहालको प्रमुख आतिथ्यतामा भएको थियो । उद्घाटन सत्रमा प्रमुख अतिथि दाहाल, नेकपा एमाले जिल्ला कमिटी सदस्य शशीधर सुवेदी, एमाले थाहा नगर अध्यक्ष सुरेन्द्रमान प्रधान, नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला सदस्य एवं थाहा नगर ईञ्चार्ज रमेशमान डंगोल, नगर सचिव गणेशमान श्रेष्ठ, नेराशिसं जिल्ला सचिव मुकुन्द न्यौपानेलयागतले शुभकामना व्यक्त गरे । मनोज लामिछानेले स्वागत गर्नु भएको कार्यक्रम सचिव कृष्ण प्रसाद लामिछानेले गरेका थिए ।

अधिवेधनले अध्यक्ष गोपाली, सचिव लामिछाने र कोषाध्यक्ष सचिन कुमार बलले प्रस्तुत गर्नु भएको प्रतिवेदनहरू पारित गरेको थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
# विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०८१ असार १० गते सोमबार, 24 Jun, 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## वडाको साँढे ४७ प्रतिशत ... .. . .

सडकको योजना छानेको थियो । गोरेटोबाटो २ वटा, संस्कृति सम्पदा र खानेपानीका १/१ वटा योजना स्वीकृत भएको छ ।

१० नम्बर वडाको ४० प्रतिशत योजना सडकको रहेको छ । १० वटा योजना पास भएकोमा वडा ले ४ वटा सडकको छानेको थियो । गोरेटोबाटो, भवन पूर्वाधार र सम्पदा संरक्षणमा २/२ वटा योजनाका लागि बजेट विनियोजन भएको छ । वडा नम्बर १२ को योजनाको ३६ प्रतिशत सडक योजना स्वीकृत भएको छ । ११ वटा योजना छानेको १२ नम्बर वडाले गोरेटो बाटोको २ वटा स्वीकृत गरेको छ । भवन पूर्वाधार, सम्पदा संस्कृति, खानेपानी अन्य र साना पूर्वाधार मर्मतमा १/१ वटा योजना स्वीकृत गरी बजेट विनियोजन गरिएको छ ।

थाहा नगरपालिकाले ७ असारमा पास गरेको बजेट अनुसार १२ वटा वडाका लागि १० करोड १० लाख ९० हजार रूपियाँ बजेट विनियोजन भएको छ । यस अनुसार वडा नम्बर १ ले ८८ लाख ८० हजार, २ नम्बर वडाले ८७ लाख, ३ नम्बर वडाले ८७ लाख ५० हजार, ४ ले ८६ लाख, ५ ले ८४ लाख ५० हजार, ६ नम्बर वडाले ६२ लाख बजेट पाएको छ ।

त्यसैगरी वडा नम्बर ७ ले ७८ लाख, ८ नम्बर वडाले ८५ लाख, ९ नम्बर वडाले ८२ लाख ५० हजार, १० ले ८८ लाख ८० हजार, ११ ले ८७ लाख १० हजार र १२ नम्बर वडाले ९४ लाख ५० हजार रूपियाँ बजेट पाएको छ ।

## हेटौंडा उपमहानगरको २ अर्ब ४३ करोड ८९ लाख बजेट पारित

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष (आव) २०८१/८२ को लागि ल्याइएको नीति तथा कार्यक्रम र बजेट पारित भएको छ । उपमहानगरपालिकाले गत असार २ गते प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेट ७ असार बसेको १५ औँ अधिवेशनको दोस्रो बैठकले सर्वसम्मत पारित गरेको हो ।

उपमहानगरपालिकाको आगामी आवको लागि कुल २ अर्ब ४३ करोड ८९ लाख ७१ हजार रूपैयाँको बजेट सार्वजनिक गरेको थियो । आगामी आर्थिक वर्षका लागि सार्वजनिक भएको बजेट चालु आर्थिक वर्षको तुलनामा ४६ करोड ७२ लाख २९ हजार रूपैयाँ अर्थात १६ दशमलव ०७ प्रतिशतले कम छ । अर्थतन्त्रमा परेको प्रतिकूल प्रभाव तथा संघ र प्रदेशबाट भएको घट्दो बजेट सीमालाई ख्याल गर्दै बजेटको आकार घटाएको उपमहानगरले जनाएको छ ।

आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये संघीय सरकारको अनुदानबाट १ अर्ब १६ करोड ५३ लाख, आन्तरिक स्रोतबाट ५३ करोड २७ लाख ९५ हजार, राजस्व बाँडफाँडबाट ६१ करोड ६५ लाख तथा प्रदेश सरकारको विभिन्न अनुदानबाट ११ करोड १७ लाख रूपैयाँ रहेका छन् ।

उपमहानगरले पूर्वाधार क्षेत्र विकासमा पर्ने सडक, ऊर्जा, वत्ती, जलस्रोत, पर्यटन, भवन तथा अवासलगाततर्फ ८८ करोड ८६ लाख ९९ हजार रूपैयाँ, आर्थिक विकासतर्फ ७ करोड ५६ लाख, सामाजिक विकासतर्फ ९३ करोड १९ लाख, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ३ करोड १२ लाख, कार्यलय सञ्चालन तथा प्रशासनिक खर्च एवम् वित्तीय व्यवस्थापनतर्फ साँवा व्याज भुक्तानीका लागि ४० करोड ६२ लाख सुशासन तथा संस्थागत विकासतर्फ २ करोड ५१ लाख रूपैयाँ विनियोजन गरेको छ ।


## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम, योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## रेबिजबारे जानकारी



रेबिज, कुकुर तथा अन्य जंगली जनावरहरुको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।

कुकुरले टोकेको स्थानमा तुरुन्तै साबुनपानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं ।

सबै उमेरका कुकुरले टोकेपछि तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी स्वास्थ्यकर्मीको सल्लाह बमोजिम रेबिज विरुद्धको खोप लगाऔं ।

याद राखौं, रेबिज रोग लागेपछि उपचार हुँदैन, तर समयमै रेबिज विरुद्धको खोप लगाउन सकेमा बच्न सकिन्छ ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी